# निर्वाचन आयोग (पहिलो संशोधन) नियमावली, २०७४

निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७४।६।२८

निर्वाचन आयोग नियमाावली, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोल,

निर्वाचन आयोग ऐन, २०७३ को दफा ४८ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "निर्वाचन आयोग (पहिलो संशोधन) नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. निर्वाचन आयोग नियमावली, २०७३ को नियम १३ मा संशोधन : निर्वाचन आयोग नियमावली, २०७३ (यस पछि "मूल नियमावली" भनिएको) को नियम १३ को उपनियम (४) पछि देहायका उपनियम (४क), (४ख), (४ग), (४घ) र (४ङ) थपिएका छन् :-

"(४क) उपनियम (४) बमोजिमको उजूरी प्राप्त भएमा आयोग, निर्वाचन अधिकृत, अनुगमनकर्ता वा अनुगमन टोलीले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी निर्वाचन आचार संहिता उल्लङ्घन भएको पाइएमा त्यस्तो कार्य रोक्न सम्बन्धित राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आदेश दिनु पर्नेछ ।

(४ख) उपनियम (४क) बमोजिम दिएको आदेश अनुसार कुनै राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायले आचार संहिता उल्लङ्घन सम्बन्धी काम कारबाही नरोकेमा निर्वाचन अधिकृत, अनुगमनकर्ता वा अनुगमन टोलीले आवश्यक कारबाहीको लागि सोको विवरण आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(४ग) उपनियम (४क) बमोजिम दिएको आदेश उल्लङ्घन गरी आचार संहिता विपरीतका कारबाही नरोक्ने राजनीतिक दल, उम्मेवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आयोगले ऐनको दफा २२ बमोजिम कारबाही गर्नेछ ।

(४घ) ऐन तथा यस नियमावली बमोजिम निर्वाचन आचार संहिता पालना गराउन आयोग, निर्वाचन अधिकृत, अनुगमनकर्ता वा अनुगमन टोलीले स्थानीय प्रशासन वा सुरक्षा निकायको सहयोग माग गर्न सक्नेछ ।

(४ङ) उपनियम (४घ) बमोजिम निर्वाचन आचार संहिता पालना गराउने सम्बन्धमा आयोग, निर्वाचन अधिकृत, अनुगमनकर्ता वा अनुगमन टोलीलाई आवश्यक सहयोग गर्नु स्थानीय प्रशासन तथा सुरक्षा निकायको कर्तव्य हुनेछ ।"

३. मूल नियमावलीमा नियम १३क. थप : मूल नियमावलीको नियम १३ पछि देहायको नियम १३क. थपिएको छ :-

"१३क. कागजात वा विवरण गोप्य राख्न सक्ने : (१) निर्वाचन सम्बन्धी प्रचलित सङ्घीय कानून बमोजिम सार्वजनिक गर्नु पर्ने कागजात वा विवरण बाहेक निर्वाचन सम्बन्धी कुनै कागजात, विवरण वा निर्वाचनका सन्दर्भमा राजनीतिक दल वा उम्मेदवारले पेश गरेको कुनै कागजात वा विवरण गोप्य रहने गरी आयोगले निर्णय गर्न सक्नेछ ।

(२) कुनै अदालतमा मुद्दा परी सो अदालतले माग गरेको अवस्थामा बाहेक उपनियम (१) बमोजिम गोप्य राखिएका कागजात वा विवरण कसैलाई उपलब्ध गराइने छैन ।"